August 12, 2026

National News

<u>मुख्य समाचार</u>

१. संसदमा आज राष्ट्रिय सहकारी विकास निगम (संशोधन) विधेयक पारित

२. प्रधानमन्त्रीले आज पूर्व राष्ट्रपति रामनाथ कोविन्दको आत्मकथा गर्नुभयो विमोचन

३. मुम्बईको घाटकोपर क्षेत्रमा पहिरो जाँदा छ जनाको मृत्यु र चार जना घाइते, र

४. भारतको अध्यक्षतामा, आजदेखि दक्षिण गोवामा ब्रिक्स कार्य समूहको आठौं बैठक सुरु

## RS- National Cooperative bill

राज्यसभाले आज राष्ट्रिय सहकारी विकास निगम (संशोधन) विधेयक, दुई हजार छब्बीसलाई अनुमोदन गर्नका साथमा संसदले यसलाई पारित गरेको छ। लोकसभाले यो विधेयक पहिले नै पारित गरिसकेको थियो। सहकारी राज्यमन्त्री मुरलीधर मोहोलले विधेयक प्रस्तुत गर्नुभएको थियो। यस विधेयकको उद्देश्य राष्ट्रिय सहकारी विकास निगम ऐन, उन्नाइस सय बसाठी-लाई थप संशोधन गर्नु हो। विधेयकले निगमलाई औद्योगिक सामानहरूमा आफ्नो गतिविधिहरू सञ्चालन गर्न र राज्य सरकारहरूलाई सहकारी विकासमा संलग्न कुनै पनि संस्थालाई निगमबाट कोष विस्तार गर्न पनि अनुमति दिन्छ।

## LS- Mines and Minerals

लोकसभाले खानी तथा खनिज (विकास तथा नियमन) संशोधन विधेयक, दुई हजार छब्बीस पारित गरेको छ। यो विधेयकले भारतको खानी क्षेत्रलाई अझ कुशल, लगानीमैत्री र देशको बढ्दो महत्वपूर्ण खनिजको माग पूरा गर्न सुसज्जित बनाउने लक्ष्य राखेको छ।

## LS AI SKILLING

सरकारले आज राष्ट्रिय ए.आई कौशल विकास पहलले पहिलो चरणमा  लगभग साठी हजार दुई सय जना भर्ना भएको जानकारी गराएको छ। सूचना तथा प्रसारण राज्यमन्त्री डा. एल. मुरुगनले लोकसभामा लिखित जवाफमा कुल चार हजार छ सय बीस जना सहभागीले पहिलो चरणका दुई मोड्युल पूरा गरेका छन् भने पाँच सय बावन्न जना सहभागीले कार्यक्रमको पहिलो चरणका सबै चार मोड्युल पूरा गरेको जानकारी दिनुभयो।

## RIJIJU OPPOSITION

संसदीय मामिला मन्त्री किरण रिजिजुले गृहमन्त्री अमित शाहले लोकसभा अध्यक्ष ओम बिर्लालाई पत्र लेखेर फेरि एक पटक NEET पेपर लीक मुद्दामा विरोध प्रदर्शनको क्रममा भएका धेरै घटनाहरूमा विस्तृत छलफल गर्न खुला रहेको बताउनुभएको छ।

## AYUSH MoU

केन्द्रिय आयुष मन्त्री प्रतापराव जाधवले आज एक जडीबुटी, एक मानक पहलको कार्यान्वयनको लागि समझदारी पत्रको नवीकरण सम्बन्धी कार्यक्रमलाई सम्बोधन गर्नुभयो। उहाँले यस पहलले परम्परागत औषधिको गुणस्तर र विश्वसनीयतालाई सुदृढ पार्ने लक्ष्य राख्नुका साथै भारतको समृद्ध जैविक विविधता र परम्परागत औषधि सम्पदाको संरक्षणमा योगदान पुऱ्याउने बताउनुभयो। यस पहलले औषधीय बिरुवा, परम्परागत औषधि र तिनीहरूको गुणस्तर मापदण्डमा एक विश्वसनीय विश्वव्यापी मानक-निर्माताको रूपमा भारतको स्थितिलाई सुदृढ पार्नेछ।

## PM- Kovind autobiography

आज प्रधानमन्त्री नरेन्द्र मोदीले नयाँ दिल्लीमा भारतको पूर्व राष्ट्रपति रामनाथ कोविन्दको आत्मकथा 'भारतीय गणतन्त्रको विजय: मेरो जीवन, मेरो संघर्ष' विमोचन गर्नुभयो। उहाँले युवा पुस्तालाई श्री रामनाथ कोविन्दको जीवनयात्राबारे उहाँकै शब्दमा जान्न र उहाँका लेखन र अनुभवहरू पढ्न आग्रह गर्नुभयो। यसै अवसरमा प्रधानमन्त्रीले, रिल र सामाजिक सञ्जालका influencer-हरूको युगमा, युवाहरूलाई आफूलाई मन पर्ने व्यक्तित्वको आत्मकथा पढ्न र जीवनमा सजिलो बाटोबाट बच्न आग्रह गर्नुभएको छ। श्री मोदीले विकसित भारतको अभियानलाई अगाडि बढाउन समर्पित युवाहरूको निरन्तर

आवश्यकतामा पनि जोड दिनुभयो। श्री मोदीले अवरोधहरूबाट विचलित नहुने र राष्ट्रिय आत्मनिर्भरतातर्फ बाटो बनाउने साहस कायम राख्ने पुस्ताको लागि आह्वान गर्नुभयो।

## VP- Har Ghar Tiranga

भारतका उपराष्ट्रपति सीपी राधाकृष्णनले आज संस्कृति मन्त्रालयद्वारा आयोजित हर घर तिरंगा बाइक र्‍यालीमा भाग लिनुभयो। उहाँले, वन्दे मातरमको भावनाले भारतको स्वतन्त्रता संग्रामलाई प्रेरित गरेको थियो भने आज पनि राष्ट्रको पहिचानलाई बलियो बनाउँदै छ भनेर बताउनुभयो। श्री राधाकृष्णनले मानिसहरूलाई सक्रिय रूपमा भाग लिन र यस अभियानलाई प्रवर्द्धन गर्न आग्रह गर्नुभयो। यस वर्षको अभियान, तिरंगामा देशभक्ति र गौरव मनाउँदै, वन्दे मातरमको एक सय पचास वर्षको भावनामा समर्पित छ।

## Mumbai landslide

आज बिहान मुम्बईको घाटकोपर क्षेत्रमा एउटा चौलमा पहिरो जाँदा छ जनाको मृत्यु भएको छ भने चार जना घाइते भएका छन्। स्थानीय अधिकारीहरूले उद्धार र राहत कार्य गरिरहेका छन्। बृहन्मुम्बई महानगरपालिका र मुम्बई अग्निशमन विभागका अनुसार, घटना बिहान तीन बजेतिर घाटकोपरको चिराग नगरको गौशिया चौलमा भएको थियो। प्रारम्भिक रिपोर्टहरूले पहाडको एक भाग चौलमा खसेको र दुई-तीन घरहरूमा भग्नावशेष खसेको देखाएको छ। मुम्बई अग्निशमन विभाग, मुम्बई प्रहरी र राष्ट्रिय आपदा प्रतिक्रिया बलका कर्मचारीहरूले संयुक्त रूपमा उद्धार कार्य गरिरहेका छन्।

## Jharkhand Student protest

झारखण्डमा जे.पी.एस.सी-जे.एस.एस.सी भर्ती परीक्षामा कथित अनियमिततालाई लिएर विद्यार्थीहरूको आन्दोलन उन्नाइसौं दिनमा प्रवेश गरेको छ।

## HP- orphan and widow cess

हिमाचल प्रदेशमा पेट्रोल र उच्च गति डिजेलको मूल्य महँगो भएको छ। Himachal राज्य सरकारले पेट्रोल र डिजेलमा प्रति लिटर साठी पैसा अनाथ र विधवा उपकर लगाउने सूचना जारी गरेको छ। संशोधित मूल्य हिजो मध्यरातबाट लागू भएको हो।

## BRICS

भारतको दुई हजार छब्बीस ब्रिक्सको अध्यक्षतामा, महासागर तथा ध्रुवीय विज्ञान तथा प्रविधि सम्बन्धी ब्रिक्स कार्य समूहको आठौं बैठक आज दक्षिण गोवामा सुरु भएको छ। पृथ्वी विज्ञान मन्त्रालय अन्तर्गतको संस्था, राष्ट्रिय ध्रुवीय तथा महासागर अनुसन्धान केन्द्रद्वारा आयोजित, तीन दिने कार्यक्रमले महासागर, आर्कटिक र अन्टार्कटिक क्षेत्रहरूमा अनुसन्धानलाई अगाडि बढाउन सदस्य राष्ट्रहरूलाई एकसाथ ल्याउनेछ।

## Chess

भारतीय ग्रान्डमास्टर आर प्रज्ञानानन्दले संयुक्त राज्य अमेरिकाको सेन्ट लुइसमा भएको सिंकफिल्ड कपको दोस्रो राउन्डको खेलमा जावोखिर सिन्दारोभलाई पराजित गरेका छन्।

## Tripura- Golden girl

हालै सम्पन्न ग्लासगो खेलकुदमा अर्चालिस किलोग्राम तौल समूहमा स्वर्ण पदक जितेकी त्रिपुराकी राष्ट्रमंडल खेलकुद पदक विजेता अस्मिता डे-लाई आज अगरतलास्थित रवीन्द्र शतवर्षीय भवनमा सम्मान गरियो। राज्य सरकारले उनलाई जग्गाको कागजात र दस लाख रुपैयाँको चेक प्रदान गरेको छ। कार्यक्रममा त्रिपुराका मुख्यमन्त्री डा. माणिक साहाले, राज्यमा पहिले "गोल्डेन गर्ल"-को रुपमा दीपा कर्माकर थिई भने अहिले अस्मिता डे अर्की "गोल्डेन गर्ल" भएकी बताउनुभयो।